जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०३ पृष्ठः ४ | २०८३ साउन २७ बुधबार (Wednesday 12 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# गोलबजारमा शान्ति संवाद कार्यक्रम, सदभावका लागि गाउँ–बस्ती जगाउन जोड



**मणिलाल विश्वकर्मा**

लहान, २६ साउन। सुनसरीको कप्तानगन्जमा भएको घटनाको चार दिनपछि१४ साउनको दिउँसो सिरहाको गोलबजारमा एकजनाको ज्यान जाने गरी हिंसात्मक प्रदर्शन मात्र भएन, स्थानीय समुदायका घर तथा पसल छानी–छानी तोडफोड र आगजनीसमेत भयो। घटनापछि स्थानीय प्रशासनले लगाएको कर्फ्यु तीन दिनपछि हटेसँगै बिस्तारै जनजीवन सामान्य हुन थालेको छ। तर, आगजनी र तोडफोडको मारमा परेकाहरूले अझै सुरक्षित महसुस गर्न नसकिरहेको सन्दर्भमा सामुदायिक शान्ति र सामाजिक सदभावका लागि स्थानीय अगुवाहरू जुट्न थालेका छन्।

गोलबजार क्षेत्रका हिन्दु, मुस्लिम र बौद्ध धर्मावलम्बी समुदायका अगुवा, व्यापारी प्रतिनिधि तथा सामाजिक अभियन्ताहरूको सहभागितामा सोमबार आयोजित शान्ति र सदभावका लागि शान्ति संवाद कार्यक्रममा गाउँ–बस्ती तहमा सदभावमूलक कार्यक्रमहरू विस्तार गरिनुपर्नेमा जोड दिइएको छ।

वर्षौंदेखि आपसी भाइचारा र सदभावसहित बस्दै आएका स्थानीय समुदायलाई फुटाउँदै धार्मिक सहिष्णुता भड्काएर राजनीतिको रोटी सेक्न गोलबजारमा सुनियोजित षड्यन्त्र गरिएको सहभागीहरूले ठहर गरेका छन्। उनीहरूले स्थानीय सरकार तथा सामाजिक संघसंस्थाको सहकार्यमा सामुदायिक शान्ति र सदभाव कायम गर्न सामुदायिक संवादलाई व्यापकता दिनुपर्ने बताए।

‘सामुदायिक शान्ति र सामाजिक सदभावका लागि नागरिक समाज, मानव अधिकारकर्मी, शैक्षिक संस्था र मिडियाको भूमिका सकारात्मक रहनुपर्छ,’ उनीहरूले भने, ‘विभिन्न जातीय तथा धार्मिक समाजबिच सामाजिक सदभाव, एकता र दिगो शान्ति कायम राख्न स्थानीय तहसँगको सहकार्यमा व्यवस्थित पहल गरिनुपर्छ।’

**–बाँकी दुई पेजमा**

# सुनसरी र सिरहा घटनामा ज्यान गुमाएका ४ जनालाई शहीद घोषणा गर्ने सरकारको निर्णय



काठमाडौं, २६ साउन। सरकारले सुनसरी र सिरहा घटनामा ज्यान गुमाएका ४ जनालाई शहीद घोषणा गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए। उनका अनुसार, सुनसरीमा ज्यान गुमाएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहता र त्यस्तै, सिरहामा ज्यान गुमाएका गणेश यादवलाई शहीद घोषणा गरिएको हो।

# बजेट पेस हुन नसकेका कमला, गरुडा, फतुवा, विजयपुर र मौलापुरसँग छलफल गरिने

काठमाडौँ, २६ साउन। बजेट पेस हुन नसकेका मधेस प्रदेशका क्रमशः कमला, गरुडा, फतुवा, विजयपुर र मौलापुर नगरपालिकाको सम्बन्धमा छलफल गरिने भएको छ। चालु आर्थिक वर्ष २०८३/०८४ का लागि उक्त पालिकाको सभामा बजेट पेस हुन नसकेपछि त्यहाँका स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग प्रत्यक्ष छलफल सुरु हुन थालेको हो।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरणमा हुन लागेको उक्त छलफलको नेतृत्व मन्त्रालयका सहसचिवले गर्नुहुने मन्त्रालयले जनाएको छ। छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र तथा नेपाल नगरपालिका संघका अध्यक्षलगायतका प्रतिनिधि सहभागी हुने बताइएको छ।

प्रतिनिधिमण्डलले धनुषाको कमला नगरपालिका तथा रौतहटका गरुडा नगरपालिका, फतुवा विजयपुर नगरपालिका र मौलापुर नगरपालिका पुगेर स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग प्रत्यक्ष छलफल गर्नेछ।

स्थानीय तहको बजेट प्रक्रिया अवरुद्ध हुँदा सेवा प्रवाह तथा विकास निर्माणका काम प्रभावित हुने भएकाले समाधानका लागि मन्त्रालयले स्थलगत रूपमा नै सहजीकरण गर्न लागेको हो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आस्था सुरक्षित होस्, यात्रा सुरक्षित होस्

धार्मिक आस्था मानिसको जीवनको महत्वपूर्ण आधार हो। भगवान् शिवप्रतिको श्रद्धा बोकेर बोलबम यात्रामा निस्कने भक्तजनका लागि यो केवल एउटा यात्रा होइन, विश्वास, भक्ति र धार्मिक परम्परासँग जोडिएको भावनात्मक यात्रा हो। तर यही पवित्र यात्राका क्रममा सिरहाको कर्जन्हा नगरपालिका–२ बन्दीपुरमा भएको ट्याक्टर दुर्घटनाले धार्मिक यात्राको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ। नेपाल राष्ट्रिय फुलकुमारी महतो माध्यमिक विद्यालयको मुख्यद्वार अगाडि बोलबम श्रद्धालु सवार ट्याक्टर पल्टिँदा १५ जना घाइते हुनु र एक १३ वर्षीय बालकको अवस्था गम्भीर बन्नु सामान्य सडक दुर्घटना मात्र होइन, हाम्रो सुरक्षा प्रणाली र व्यवस्थापनको कमजोरीको ऐना हो।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१५ रामपुरटोलबाट बोलबम यात्रामा निस्किएका श्रद्धालुहरू सवार ज १ त ४८०८ नम्बरको ट्याक्टर उकालोमा नियन्त्रण गुमाएर पल्टिएको प्रहरीले जनाएको छ। दुर्घटनामा १३ वर्षीय अनुराग मण्डल गम्भीर घाइते भएका छन्। घाइतेमध्ये बालबालिकादेखि ६० वर्षसम्मका वृद्धवृद्धासमेत रहेका छन्। दुर्घटनालगत्तै स्थानीय र प्रहरीले उद्धार गरी घाइतेलाई कर्जन्हास्थित फुलकुमारी महतो मेमोरियल अस्पताल पुऱ्याउनु मानवीय पक्षबाट प्रशंसनीय काम हो। तर दुर्घटनापछि उद्धार गर्नु मात्र पर्याप्त होइन। राज्यको वास्तविक जिम्मेवारी दुर्घटना हुनुअघि नै जोखिम पहिचान गरेर त्यसलाई रोक्नु हो।

सबैभन्दा गम्भीर प्रश्न ट्याक्टरमा यात्रु बोक्ने प्रवृत्तिमाथि उठ्छ। ट्याक्टर मूलतः कृषि प्रयोजनका लागि निर्माण गरिएको सवारी हो। तर नेपालका ग्रामीण क्षेत्रमा धार्मिक यात्रा, विवाह, मेला, पर्व तथा अन्य सामूहिक कार्यक्रममा ट्याक्टरलाई यात्रुवाहक साधनका रूपमा प्रयोग गर्ने प्रवृत्ति व्यापक छ। क्षमताभन्दा बढी यात्रु राख्ने, खुला भागमा मानिस बसाउने र लामो दूरीसम्म यात्रा गराउने कामले दुर्घटनाको जोखिम स्वाभाविक रूपमा बढाउँछ। यस्तो जोखिमबारे सम्बन्धित निकाय अनभिज्ञ छैनन्। प्रश्न फेरि त्यही हो—जान्दाजान्दै नियन्त्रण किन हुँदैन?

यस दुर्घटनाले चालकको जिम्मेवारीमाथि पनि प्रश्न उठाएको छ। प्रहरीले जनकपुरधाम–१५ का करिब ३५ वर्षीय रामबिहारी मण्डलले ट्याक्टर चलाएको र उनी दुर्घटनापछि फरार रहेको जनाएको छ। चालकको लापरवाही, सवारीको अवस्था, चालकको अनुभव तथा यात्रु बोक्ने क्रममा अपनाइएको सुरक्षा मापदण्डबारे निष्पक्ष अनुसन्धान आवश्यक छ। दोष प्रमाणित भए कानुनअनुसार कारबाही हुनुपर्छ। दुर्घटनापछि फरार हुने प्रवृत्तिले पीडित परिवारको पीडा झन् बढाउँछ। त्यसैले चालकको खोजी र कानुनी प्रक्रिया प्रभावकारी रूपमा अघि बढाउन राज्य गम्भीर हुनुपर्छ। अझ संवेदनशील विषय बालबालिकाको सहभागिता हो। दुर्घटनामा १२ र १३ वर्षका बालबालिकासमेत घाइते भएका छन्। धार्मिक आस्थाका कारण बालबालिकालाई यात्रामा सहभागी गराउनु आफैंमा गलत होइन। तर उनीहरूलाई असुरक्षित, भीडभाडयुक्त र जोखिमपूर्ण सवारीमा राख्नु अवश्य गम्भीर लापरवाही हो। अभिभावक, यात्रा आयोजक र स्थानीय प्रशासनले यस विषयमा आफ्नो जिम्मेवारी बुझ्नुपर्छ। आस्था र उत्साहको नाममा बालबालिकाको जीवन जोखिममा पार्ने अधिकार कसैलाई छैन। बोलबम यात्रा हरेक वर्ष हुने नियमित धार्मिक गतिविधि हो। त्यसैले यसको सुरक्षा व्यवस्थापन आकस्मिक ढंगले होइन, पूर्वयोजनासहित हुनुपर्छ। स्थानीय तह, प्रहरी, यातायातसम्बन्धी निकाय, धार्मिक आयोजक तथा समुदायबीच समन्वय गरी कुन प्रकारका सवारी प्रयोग गर्न पाउने, यात्रुको संख्या कति हुने, चालकको योग्यता के हुने र सवारीको अवस्था कस्तो हुनुपर्ने भन्ने स्पष्ट मापदण्ड लागू गर्न आवश्यक छ। यात्राका मुख्य मार्गमा ट्राफिक निगरानी बढाउने, जोखिमयुक्त स्थान पहिचान गर्ने र आकस्मिक उद्धारको व्यवस्था गर्ने काम पनि उत्तिकै आवश्यक छ।

दुर्घटनापछि केही दिन चर्चा हुने र त्यसपछि विषय सेलाउने प्रवृत्तिले समस्या समाधान गर्दैन। आज १५ जना घाइते भएका छन्, भोलि अझ ठूलो दुर्घटना नहोला भन्न सकिँदैन। त्यसैले यो घटनालाई चेतावनीका रूपमा लिनुपर्छ। सम्बन्धित निकायले दुर्घटनाको वास्तविक कारण सार्वजनिक गर्दै दोषीमाथि कारबाही गर्नुपर्छ। साथै आगामी धार्मिक यात्रालाई सुरक्षित बनाउन ठोस कार्ययोजना तत्काल लागू गर्नुपर्छ।

धर्मले मानव जीवनको सम्मान गर्न सिकाउँछ। भगवान्‌को नाममा गरिएको यात्रा कसैको जीवन समाप्त गर्ने कारण बन्नु हुँदैन। श्रद्धालुको आस्थालाई सम्मान गर्ने सबैभन्दा ठूलो उपाय उनीहरूको जीवनको सुरक्षा सुनिश्चित गर्नु हो। आस्था बलियो बनाऔं, तर सुरक्षाको मूल्यमा होइन। बोलबम यात्रा भक्ति र शान्तिको यात्रा बनोस्, दुर्घटना र आँसुको यात्रा होइन।

# धृतराष्ट्रको कथा, बालेन्द्र र गगनको परीक्षा



सन्दिप पराजुली

महाभारत युद्ध किन भयो भन्ने प्रश्नको उत्तर खोज्दा इतिहासले सबैभन्दा ठूलो नैतिक जिम्मेवारी राजा धृतराष्ट्रमाथि राख्छ। भीष्म, द्रोण, शकुनि, दुर्योधन र युधिष्ठिर सबै आ–आफ्नो भूमिकामा थिए। कसैले सही सल्लाह दिए, कसैले गलत बाटो देखाए, कसैले मौनता अपनाए, कसैले अहंकार प्रदर्शन गरे। तर राज्यको सर्वोच्च नेतृत्व धृतराष्ट्रकै हातमा थियो। त्यसैले अन्तिम नैतिक जिम्मेवारी पनि उनकै काँधमा आयो।

श्रीकृष्णले अन्तिम क्षणसम्म युद्ध रोक्न अथक प्रयास गरे। पाण्डवहरूलाई आधा राज्य होइन, केवल पाँच गाउँ दिए पनि युद्ध टर्न सक्थ्यो। तर पुत्रमोह, सत्तामोह र निर्णयहीनताले त्यो अवसर गुमाए धृतराष्ट्रले। धृतराष्ट्रले आफ्ना निकटस्थहरूको अनुचित व्यवहार रोक्न सकेनन्। परिणामस्वरूप हस्तिनापुर विनाशको बाटोमा पुग्यो। महाभारतको यो प्रसङ्गले एउटा गहिरो सत्य सिकाउँछ कि नेतृत्व भनेको केवल अधिकार प्रयोग गर्ने पद होइन, उत्तरदायित्व वहन गर्ने दायित्व पनि हो। सफलता आए त्यसको श्रेय नेतृत्वले पाउँछ भने असफलता, विभाजन र विनाश आए त्यसको सबैभन्दा ठूलो भार पनि नेतृत्वकै काँधमा पर्छ।

यसैले इतिहासले धृतराष्ट्रलाई केवल दृष्टिविहीन राजाका रूपमा होइन, आफ्नो कर्तव्य पूरा गर्न नसकेको नेतृत्वको प्रतीकका रूपमा सम्झिन्छ। इतिहासले अन्ततः व्यक्तिको होइन, नेतृत्वको मूल्याङ्कन गर्छ। यो शिक्षा आजको नेपालको राजनीतिमा पनि उत्तिकै सान्दर्भिक छ। कुनै पनि संस्थामा निर्णय केही व्यक्तिहरूले गरिरहेका होलान्, कोर टिमले रणनीति बनाइरहेको होला वा नजिकका सहयोगीहरूले नेतृत्वलाई प्रभावित गरिरहेका होलान्, तर अन्तिम मूल्याङ्कन नेतृत्वकै हुन्छ। इतिहासले कोर टिमका सदस्यहरूको सूची बनाउँदैन, नेतृत्वको नाम मात्र लेख्छ।

आन्दोलनपछि उत्पन्न भएको जनलहरका बिच प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वलाई नागरिकहरूले नयाँ राजनीतिक आशाका रूपमा स्वीकार गरेका हुन्। धेरैका लागि त्यो समर्थन केवल एउटा व्यक्तिप्रतिको विश्वास मात्र थिएन, बरु पुराना राजनीतिक अभ्यासको विकल्प खोज्ने जनचाहनाको अभिव्यक्ति पनि थियो। जनताको अपेक्षा स्पष्ट थियो कि लोकतान्त्रिक आचरण, विधिको शासन, पारदर्शी निर्णय प्रक्रिया र परिणाममुखी विकास।

तर कुनै पनि नेतृत्वको वास्तविक परीक्षा लोकप्रियतापछि सुरु हुन्छ। यदि नेतृत्वको वरिपरि रहेका कोर टिम वा निकट सहयोगीहरूबाट विधि विधानविपरीतका निर्णय, अपारदर्शी अभ्यास वा अलोकतान्त्रिक गतिविधि हुन थाले र नेतृत्व त्यसप्रति मौन बस्यो वा समयमै हस्तक्षेप गर्न सकेन भने जनविश्वास क्रमशः कमजोर हुँदै जान्छ। किनभने नेपाली जनताले सधैँ लोकतन्त्र, सुशासन र विकासलाई प्राथमिकतामा राखेका हुन्छन्। उनीहरूको विश्वास व्यक्ति वा समूहमा भन्दा लोकतान्त्रिक मूल्य र उत्तरदायी नेतृत्वमा हुन्छ।

यही कारणले नेतृत्वको वरिपरि भएका हरेक गतिविधिको अन्तिम नैतिक जिम्मेवारी नेतृत्वमै आइपुग्छ। इतिहासले कोर टिम, सचिवालय वा सल्लाहकारहरूको भूमिका छुट्टै लेख्दैनन् त्यसले नेतृत्वको निर्णय र त्यसको परिणामलाई नै अभिलेख गर्छ। प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्व पनि यही मापदण्डबाट मूल्याङ्कन हुनेछ। उहाँका सफल पहल र उपलब्धिको श्रेय स्वाभाविक रूपमा उहाँलाई नै जानेछ। त्यसैगरी, भविष्यमा नेतृत्वसँग जोडिएका कुनै गम्भीर कमजोरी, विधि विधान मिच्ने निर्णय वा अलोकतान्त्रिक अभ्यास देखिए भने त्यसको नैतिक र राजनीतिक जिम्मेवारी पनि अन्ततः उहाँमाथि नै आउनेछ। आज कोर टिम वा सचिवालयले गरेका निर्णयहरू भोलि इतिहासले छुट्टाछुट्टै होइन, नेतृत्वको निर्णयका रूपमा नै मूल्याङ्कन गर्नेछ। अन्ततः इतिहासले सहयोगीहरूको होइन, नेतृत्वको नाम नै सम्झिन्छ।

यही सिद्धान्त राजनीतिक दलहरूमा पनि लागू हुन्छ। नेपालका अधिकांश राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर भएको आलोचना वर्षौंदेखि हुँदै आएको छ। त्यसैले त्यस्ता दलहरूबाट लोकतान्त्रिक अभ्यासको उच्च अपेक्षा पनि क्रमशः घट्दै गएको देखिन्छ। तर नेपाली कांग्रेसको सन्दर्भ अलि फरक छ। यसको स्थापना नै लोकतान्त्रिक मूल्य, बहुलवाद र संस्थागत अभ्यासको जगमा भएको हो। त्यसैले कांग्रेसप्रति जनताको अपेक्षा अन्य दलभन्दा स्वाभाविक रूपमा बढी रहन्छ। लोकतन्त्रको पक्षमा उभिने दलभित्रै विधि, विधान र आन्तरिक लोकतान्त्रिक संस्कार कमजोर भए त्यसले एउटा पार्टी मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीप्रतिको जनविश्वासलाई समेत असर पार्न सक्छ।

यसैकारणले गगन थापाको भूमिका सामान्य नेताको भन्दा फरक हुन पर्छ। उहाँलाई केवल नेपाली कांग्रेसका सभापति वा सम्भावित भावी नेतृत्वका रूपमा मात्र होइन, लोकतान्त्रिक राजनीतिको नयाँ पुस्ताको प्रतिनिधिका रूपमा पनि हेरिन्छ। त्यसैले उहाँका निर्णयहरूले पार्टीको आन्तरिक राजनीतिसँगै देशको लोकतान्त्रिक भविष्यमा पनि प्रभाव पार्ने क्षमता राख्छ। उहाँमा ऊर्जा छ, नयाँ सोच छ र परिवर्तनको चाहना पनि देखिन्छ। तर इतिहासले ऊर्जा वा भाषणभन्दा परिणामलाई महत्त्व दिन्छ। लोकप्रियताभन्दा संस्थागत सुधार, नाराभन्दा व्यवहार र प्रतिबद्धताभन्दा कार्यान्वयनलाई इतिहासले अन्ततः मापन गर्छ। यदि गगन थापाले पार्टीभित्र विधि, विधान र आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन सके, योग्य कार्यकर्तालाई अवसर दिन सके, गुटभन्दा संस्थालाई माथि राख्न सके र निर्णय प्रक्रियालाई पारदर्शी बनाउन सके भने त्यसको लाभ नेपाली कांग्रेसलाई मात्र होइन, नेपालको लोकतन्त्रलाई पनि पुग्नेछ। किनभने बलियो लोकतान्त्रिक दलले मात्र बलियो लोकतन्त्र निर्माण गर्न सक्छ।

यसैबिच अदालतले गगन थापाले स्थापना गरेको महाधिवेशनसम्बन्धी संरचनाको वैधता परीक्षणका लागि पुनरावलोकनको अनुमति दिएको छ। अब दुवै पक्षले लचकता र संवादको बाटो अपनाई सबैको हित हुने समाधानमा पुग्न सके त्यसलाई सभापतिको सफल नेतृत्व र पार्टी एकताको सकारात्मक उदाहरणका रूपमा लिन सकिनेछ।

तर यसको ठिक विपरीत अवस्था सिर्जना भयो भने परिणाम गम्भीर हुन सक्छ। यदि पार्टी एकताका लागि आवश्यक निर्णयहरू निरन्तर टार्दै गए, सीमित व्यक्तिहरूको प्रभाव बढ्दै गयो, योग्य र इमानदार कार्यकर्ताहरू निरुत्साहित भए, नेतृत्व आफ्नै घेराभित्र सीमित रह्यो र गलत निर्णयहरूलाई मौन समर्थन गरियो भने त्यसको राजनीतिक तथा नैतिक जिम्मेवारी अन्ततः नेतृत्वमाथि नै आउनेछ। महाभारतको सबैभन्दा ठूलो शिक्षा यही हो कि कुनै पनि संस्था वा राष्ट्रको भविष्य अन्ततः नेतृत्वको विवेक, साहस र निर्णय क्षमताले निर्धारण गर्छ। धृतराष्ट्रको दोष केवल पुत्रमोह थिएन, समयमै सही निर्णय लिन नसक्नु, गलतलाई रोक्न नसक्नु र मौन सहमति दिनु पनि थियो। त्यसैले इतिहासले हस्तिनापुरको विनाशको अन्तिम जिम्मेवारी उनैमाथि राख्यो। आजको नेपालको राजनीतिमा पनि यही मापदण्ड लागू हुन्छ। बालेन सरकार होस् वा राजनीतिक दलहरू, लोकतन्त्रको वास्तविक शक्ति व्यक्ति होइन, संस्था हो। संस्थाभन्दा व्यक्ति, विधिभन्दा गुट र लोकतान्त्रिक संस्कारभन्दा व्यक्तिगत स्वार्थ हावी भयो भने त्यसको मूल्य अन्ततः राष्ट्रले चुकाउनुपर्छ।

यस अर्थमा गगन थापासामु केवल नेतृत्व प्राप्त गर्ने अवसर मात्र छैन, नेतृत्वको नयाँ मानक स्थापित गर्ने ऐतिहासिक अवसर पनि छ। यदि उहाँले पार्टीभित्र विधि, विधान, आन्तरिक लोकतन्त्र, पारदर्शिता र एकतालाई व्यक्तिगत वा समूहगत स्वार्थभन्दा माथि राख्न सक्नुभयो भने त्यो नेपाली कांग्रेसका लागि मात्र होइन, नेपालको लोकतान्त्रिक भविष्यका लागि पनि दूरगामी उपलब्धि हुनेछ।

तर आवश्यक निर्णयहरू टारिए, संस्थाभन्दा समूह प्रभावशाली बन्दै गयो र मौनताले गलत अभ्यासलाई संरक्षण गऱ्यो भने त्यसको राजनीतिक र नैतिक जिम्मेवारी पनि अन्ततः नेतृत्वमै आइपुग्नेछ। इतिहासले कसले कस्तो सल्लाह दियो वा कोर टिममा को–को थिए भन्ने खोज्दैन बरु नेतृत्वले कुन निर्णय गऱ्यो भन्ने कुरा सम्झिन्छ। नेतृत्वको वास्तविक परीक्षा संकटको समयमा हुन्छ, र त्यही परीक्षाको नतिजाले भविष्यको इतिहास लेख्छ। महाभारतको सन्देश पनि यही हो, र आजको नेपालको राजनीतिका लागि पनि यही सबैभन्दा सान्दर्भिक शिक्षा हो। रातोपाटीबाट

### गोलबजारमा...

त्यसका लागि अन्तरधार्मिक सञ्जालमार्फत पहल गर्न सकिने भए पनि चरणबद्ध रूपमा संवाद गरिनुपर्ने उनीहरूले औंल्याए।

नेपालमा समावेशी तथा शान्तिपूर्ण समुदायका लागि सशक्तीकरण परियोजनाअन्तर्गत कुर्वे उष्ट्रोको प्राविधिक सहयोग तथा दलित महिला केन्द्र नेपालको सहयोगमा स्थानीय ज्योति महिला समूहको आयोजनामा भएको संवाद कार्यक्रममा धर्मको आवरणमा गोलबजारमा भएको मानवीय तथा भौतिक क्षतिको कसैले पनि पूर्ति गर्न नसक्ने धारणा व्यक्त गरियो।

गोलबजार घटनापछि सुरक्षाको कारण देखाउँदै स्थानीय व्यापारी, बैंक तथा वित्तीय संस्थाको हुन सक्ने पलायनले गोलबजारको विकास, समृद्धि तथा सामाजिक एकतामा अवरोध पुऱ्याउन सक्ने भएकाले त्यसलाई रोक्न स्थानीय सरकारले पहल गर्नुपर्नेमा सहभागीहरूले जोड दिए।

**'सामाजिक सञ्जालले भड्कायो सदभाव'**

संवाद कार्यक्रममा मधेश प्रदेश सांसद साहिदा खातुनले 'जय श्रीराम', 'अस्सलाम वालेकुम'जस्ता अभिवादनमूलक शब्दले केही नहुने चर्चा गर्दै प्रदर्शनलाई समुदायसँग जोडेर मिडियाकर्मीको नाममा सामाजिक सञ्जालकर्ताहरूले सामाजिक सदभाव भड्काएको आरोप लगाइन्।

'त्यतिवेला जुनसुकै समुदायका भए पनि केही अगुवाहरूलाई मात्र नियन्त्रणमा लिइएको भए प्रदर्शन हिंसात्मक र साम्प्रदायिक हुने थिएन,' उनले भनिन्, 'आफ्नो राजनीतिको रोटी सेकन भड्काइएको घटनामा संलग्न जोसुकै भए पनि कानुनबमोजिम कारबाही हुनुपर्छ।' स्थानीय मुस्लिम समुदायका अगुवा मो. मञ्जुर अहमदले मिलेर बसेका धार्मिक सम्प्रदायहरूलाई फुटाउन आन्दोलनको नाममा कलिला बालबालिकाको प्रयोग हुनु दुर्भाग्यपूर्ण रहेको चर्चा गर्दै कर्फ्यु लागिसकेपछि प्रदर्शनकारीहरू तितरबितर भइसकेको समयमा गोली कसले र किन चलायो, त्यसको निष्पक्ष अनुसन्धान हुनुपर्ने माग गरे।

'गोलबजार घटनाको जिम्मेवारी राज्यले लिनुपर्छ,' उनले भने, 'आन्दोलनको नाममा हिन्दु–मुस्लिम दुवै समुदायमाथि अन्याय भएको छ। पीडितलाई न्याय र क्षतिपूर्तिका लागि दबाब दिनुपर्छ।' कार्यक्रममा गोलबजार ३ र ६ का वडाध्यक्ष क्रमशः धनप्रसाद मोक्तान र सञ्जितकुमार लामा, शिक्षकहरू रामअवतार यादव, अरुणकुमार साह र बेचनप्रसाद साह, राजनीतिकर्मी खिमलक्ष्मी गिरी श्रेष्ठ, जीवन यादव, उमेश बराल, महिला अधिकारकर्मी श्यामकुमारी साह, उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहलगायतले आन्दोलनको नाममा अराजकता मच्चाउने छुट कसैलाई पनि नरहेको चर्चा गर्दै सामाजिक तथा धार्मिक सदभावका लागि स्थानीय सरकार, धार्मिक समूह, राजनीतिक दल तथा सामाजिक संघसंस्था मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

# विदेश जानु पर्दैन, गड्यौला मल बेचेर वार्षिक २२ लाखसम्म आम्दानी



सर्लाही, २६ साउन। सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन्। लालबन्दी नगरपालिका–२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहेका छन् ।

चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल भएको उनले बताए। "मेहनत गर्ने हिम्मत र हातमा सीप भए एक–दुई लाख कमाउन विदेश जानु पर्दैन", लोप्चनले भने। धमाधम मल प्याकिङ गरिरहेका लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताए।

जैविक मल बोटबिरुवाका लागि निकै उपयोगी मानिन्छ। यहाँ उत्पादन भएको मल गाउँघरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्छन्। सुरुमा जैविक तथा गड्यौला मल बोटबिरुवाका लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उनको कथन छ। "अहिले उहाँहरू आफैँ मल खोज्दै आउनुहुन्छ, खुसी लाग्छ", लोप्चनले सुनाए। साना बेर्ना तथा बोटबिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उनले बताए।

गड्यौला मल कृषि बजारमा कालो हीरा (ब्ल्याक डायमन्ड) को रूपमा बिक्री वितरण हुने गरेको छ। लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिएका थिए। तालिम लिएर आएपछि उत्पादन सुरु गरेका उनले बजार खोज्दाको सास्ती अझै भुलेका छैनन्। गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मल ल्याउने चलन थियो। "मैले धेरै अनुरोध गरी सम्झाएँ बुझाएँ", उनले भने, "आफ्नो गाडीले १०/१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरेँ। खेती राम्रो भएपछि किसानहरू आफैँ मल खोज्दै आउन थाल्नुभयो।"

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीका लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो। त्यसपछि बजारले आफूलाई खोज्न थालेको उनले सुनाए। तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उनको मनग्य आम्दानीको बाटो बनेको छ।

लालबन्दी–२, जुटपानी घरमै उनले लोप्चन गाई फर्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहेका छन्। सोही फर्मको नाममा बोरामा २५ किलोका दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौँ, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ। जिल्लाका गमलामा फूल सजाउने बगैँचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसानसमेत यस मलप्रति आकर्षित भएका छन्।

पच्चीस किलोको एउटा बोरा मलको रु ३२५ पर्छ। "धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौँ पठाउने गरेको थिएँ", उनले भने, "भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु। उता पनि आफ्ना ग्राहक छन्।" ट्रकमा ४०० बोराका दरले मल जाने गर्छ।

लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गरे। अहिले दुई छोरा, एउटा युरोप र अर्को मलेसियामा छन्। उनीहरूलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उनको भनाइ छ। लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहेका छन्। चार मजदुर र उनी तथा उनकी श्रीमती नियमित काममा लाग्ने गर्छन्।

काठमाडौँमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो। त्यसपछि भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर उनी गाउँ फर्किएका थिए। गाउँमा किसान समूह गठन गरेका थिए। समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने–जाने गरिरहन्थे। उनीहरूले दिएको ज्ञानबाट यो पेसामा लाग्न प्रेरित गरेको उनी बताउँछन्।

अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रु २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उनको भनाइ छ। सुरुमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिएका छन्। गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उनले बताए। यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रुपैयाँमा बिक्री हुन्छ। यसबाट समेत ठूलो रकम आम्दानी गर्न सकिने उनको सुझाव छ।

गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, परालगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताए। गड्यौला मलका लागि गोबर मल प्रतिट्रेलर तीन हजार र ढुवानी तथा मजदुर खर्च १५ सय लगानी पर्ने उनको भनाइ छ।

"जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ", उनले भने, "यसरी गड्यौलाले खाएर मलको रूपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ।" लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहर र मोहर यसैमा रहेको उनी बताउँछन्।

कम्पोस्ट मलको प्रयोगले जमिनको उर्वर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताए। रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उनको जोड छ।

# बजेट पेश गर्न नसकेका मधेशका चार पालिकामा मन्त्रालयले सहजीकरण गर्न टोली पठाउने

काठमाडौं, २६ साउन। चालु आर्थिक वर्षका लागि स्थानीय तहको सभामा बजेट पेश गर्न नसकेका मधेस प्रदेशका केही नगरपालिकामा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पुनः स्थलगत सहजीकरण गर्ने भएको छ ।

सहजीकरणका लागि मन्त्रालयका सहसचिवको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,राष्ट्रिय सतर्कता केन्द्र तथा नेपाल नगरपालिका संघका अध्यक्षलगायतका प्रतिनिधिको संयुक्त टोली सम्बन्धित नगरपालिकामा स्थलगत रूपमा जाने कार्यक्रम तय भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार विभिन्न पहल,प्रयास तथा समन्वयमार्फत बजेट पेश गर्ने वातावरण बनाउन खोजिए पनि हालसम्म नगरसभामा बजेट पेश हुन नसकेका स्थानीय तहमा उक्त टोली जान लागेको हो। टोलीले धनुषाको कमला नगरपालिका तथा रौतहटका गरुडा नगरपालिका,फतुवा विजयपुर नगरपालिका र मौलापुर नगरपालिका पुगेर स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग प्रत्यक्ष छलफल गर्नेछ। बजेट निर्माण तथा नगरसभा सञ्चालनमा देखिएका समस्या पहिचान गर्दै आवश्यक सहजीकरण र समन्वय गर्ने मन्त्रालयले जनाएको छ।

स्थानीय तहको बजेट प्रक्रिया लामो समयसम्म अवरुद्ध हुँदा सेवा प्रवाह तथा विकास निर्माणका काम प्रभावित हुन सक्ने भएकाले समस्या समाधानका लागि मन्त्रालयले स्थलगत रूपमा नै सहजीकरण गर्न लागेको हो। मन्त्रालयले स्थानीय तहमा देखिएका बजेट तथा सभा सञ्चालनसम्बन्धी समस्या समाधानका लागि आवश्यक समन्वय र सहजीकरणलाई निरन्तरता दिइरहेको छ।

# सप्तरी प्रशासनद्वारा ग्यास लुकाएर राख्नेलाई कारबाहीको चेतावनी

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २६ साउन। जिल्ला प्रशासन कार्यालय सप्तरीले खाना पकाउने एलपी ग्यास लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने तथा तोकिएको मूल्यभन्दा बढीमा बिक्रीवितरण गर्ने डिलर तथा व्यवसायीलाई कारबाही गर्ने चेतावनी दिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले सोमबार जारी गरेको सूचनामा जिल्लाका ग्यास डिलर तथा व्यवसायीले उद्योग वा डिलरबाट ग्यास ल्याई सहज रूपमा बिक्रीवितरण नगरी लुकाइछिपाइ राख्ने, तोकिएको मूल्यभन्दा बढी रकम लिएर होटल, व्यवसायी तथा उपभोक्तालाई बिक्री गर्ने गरेको गुनासो प्राप्त भएको जनाएको छ।

जारी सूचनाका अनुसार नियमित ग्राहकको माग बेवास्ता गर्ने, पहुँच र चिनजानका आधारमा ग्यास बिक्री गर्ने, मूल्यसूची नराख्ने, बिक्री बिल नदिने तथा बिल–बिजक नराख्ने कार्यसमेत हुने गरेको पाइएको छ। यस्तै ग्यास भण्डारण गरी लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने तथा दर्ता वा अनुमति नभएका विक्रेतालाई डिलरले ग्यास उपलब्ध गराउनेजस्ता कार्यसमेत नगर्न प्रशासनले निर्देशन दिएको छ। यस्ता कार्य प्रचलित कानुनविपरीत भएकाले कानून उल्लंघन गरेको पाइएमा सम्बन्धित व्यक्ति, डिलर तथा विक्रेतामाथि कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। साथै, लुकाइछिपाइ राखिएको ग्यास सिलिन्डरसमेत जफत गरिने जिल्ला प्रशासन कार्यालयले स्पष्ट पारेको छ।

# स्रोत नखुलेको ५२ लाख नगद सहित पर्साबाट ४ जना पक्राउ

काठमाडौँ, २६ साउन। प्रहरीले स्रोत नखुलेको ५२ लाख ५० हजार नेपाली रुपैयाँ सहित पर्साको वीरगन्ज महानगरपालिकाबाट ४ जनालाई पक्राउ गरेको छ। सोमबार साँझ आरोपीहरू वीरगन्ज–१० स्थित आदर्शनगरबाट पक्राउ परेका हुन्। दुईवटा मोटरसाइकलमा सवार आरोपीहरूलाई चेकजाँच गर्दा स्रोत नखुलेको रकम फेला परेको पर्साका एसपी पवन भट्टराईले रातोपाटीलाई बताए।

पक्राउ पर्नेमा भारतको सीतामढी घर भएका २६ वर्षीय सुरज कर्ण, बाराको प्रसौनी गाउँपालिका–१ घर भएका ३२ वर्षीय उपेन्द्र साह, सोही ठाउँका २६ वर्षीय सागरकुमार सर्राफ र पर्साको विन्दबासिनी गाउँपालिका–१ झौवागुठी घर भएका २५ वर्षीय राहुलकुमार गुप्ता छन्।

प्रहरीले सुरज कर्णको साथबाट १ लाख, उपेन्द्र साहको तर्फबाट१८ लाख १६ हजार, सागरकुमार सर्राफको साथबाट १८ लाख ३४ हजार र राहुलकुमार गुप्ताको साथबाट १६ लाख रुपैयाँ बरामद गरेको छ। बरामद नगद ५ सय र १ हजारका नोट छन्। आरोपीहरूमाथि पर्सा प्रहरीले अनुसन्धान गरिरहेको छ। उनीहरू प्रदेश २–०३–००३ प ७२१५ नम्बरको सुपर स्प्लेन्डर र ना. ५७ प ५१८२ नम्बरको एफजेड मोटरसाइकलमा सवार थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।

# अनावश्यक सञ्चयले ग्यास अभाव




**जनार्जन खत्री**

सर्लाही, २६ साउन। सर्लाहीमा खाना पकाउने ग्यासको समस्या समाधान हुन सकेको छैन। उपभोक्ताले करिब एक महिनादेखि सहज रूपमा ग्यास पाउन नसकेको गुनासो गर्दै आएका छन्। ग्यास विक्रेता जति नै ग्यास सिलिन्डर आए पनि पुर्‍याउन नसकेको बताउँछन्।

सर्लाही ग्यास विक्रेता संघका अध्यक्ष लालबाबु महतोले अहिले अभावकै बेला धेरै उपभोक्ताले चार/पाँच वटा ग्यास सिलिन्डर एकै पटक भरेर राख्न खोज्दा ग्यास अभाव झनै बढ्न पुगेको बताउनुभयो। उहाँले भन्नुभयो, “यस्तो बेला त एउटा भरेपछि अर्को सिलिन्डर बिस्तारै भरौँला भन्नुपर्ने हो तर अधिकांश उपभोक्ताले भए जति सबै सिलिन्डर यही बेलामा भरेर राख्न थालेकाले अभाव बढेको हो।”

सर्लाहीमा सामान्य अवस्थाको तुलनामा अहिले ३० प्रतिशत कम ग्यास आयात हुँदा डिलर सञ्चालकसमेत हैरान र तनावमा परेको महतोको भनाइ छ। सर्लाहीका लागि ग्यास आपूर्तिको दर बढाइदिन रौतहट र बाराका ग्यास उद्योगमा पुगेर ध्यानाकर्षणसमेत गराएको अध्यक्ष महतोले बताउनुभयो।

पहिले आफ्नो जिल्लाका उपभोक्तालाई पर्याप्त पुर्‍याउन र त्यसपछि मात्र अन्य जिल्लामा ग्यास ढुवानी गर्न ग्यास उद्योगीले भनेको सर्लाही ग्यास विक्रेता संघका अध्यक्ष महतोको भनाइ छ। सर्लाहीमा कुनै पनि कम्पनीका ग्यास उद्योग छैनन्।

सर्लाहीको नवलपुर बजारमा नेपाल ग्यासका विक्रेता कपिल उप्रेतीले ग्यास कम्पनीको खातामा पैसा जम्मा गरेको हप्तौँसम्म पनि ग्यास नपठाउने समस्या रहेको गुनासो गर्नुभयो। उपभोक्ताबाट अत्यधिक माग आइरहेकाले ग्यास पठाइदिन ताकिता गरिरहे पनि आज, भोलि भन्दै उद्योगबाटै टार्ने काम भइरहेको उप्रेतीको भनाइ छ।

उप्रेतीले खाली ग्यास सिलिन्डर लिएर आउने उपभोक्तालाई कुपन दिएर पठाउने गरिएको र ग्यास आएपछि पालो अनुसार बोलाएर दिने गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “कम्पनीबाट ग्यास आएपछि त हामी आफैँले फोन गरेर उपभोक्तालाई बोलाउने गरेका छौँ तर एउटै उपभोक्ताले एकैचोटि तीन/चार वटासम्म सिलिन्डर ल्याएर पालोमा राख्दा सबैलाई पुर्‍याउन सकिएको छैन।”

ग्यास अभावले विशेष गरी बजारक्षेत्रमा कोठाभाडा गरेर बस्ने विद्यार्थी सबैभन्दा बढी मारमा परेका छन्। विद्यार्थी नेता अरविन्द साहले लालबन्दी बजारमा डेरा लिएर पढ्न बसेका ग्रामीण भेगका विद्यार्थी खाना पकाउने ग्यास नपाएर भोकै बस्नुपर्ने बाध्यता रहेको जानकारी दिनुभयो। स्थानीय जनप्रतिनिधि, उद्योग वाणिज्य संघका पदाधिकारी, व्यापारी र राजनीतिज्ञसँग समन्वय गरी ग्यास सकिएपछि भोकै बस्न बाध्य केही विद्यार्थीको समस्या समाधान गर्न सके पनि क्रमिक रूपमा अधिकांश विद्यार्थी ग्यास अभावको चपेटामा पर्दै गइरहेको साहको भनाइ छ। उहाँले भन्नुभयो, “ग्यास सकिएर विद्यार्थी भोकभोकै कोठामै बस्ने वा घर जाने भन्ने समस्यामा पर्न थालेका छन्।”

साउन १८ गते जिल्ला प्रशासन कार्यालय मलङ्गवामा प्रमुख जिल्ला अधिकारी (सिडिओ) विजयराज सुवेदीको अध्यक्षतामा सुरक्षा प्रमुख, सर्लाही जिल्ला ग्यास विक्रेता संघका पदाधिकारी, उद्योग वाणिज्य संघका पदाधिकारी, व्यवसायीलगायतको बैठकले विद्यार्थी, भाडामा बस्ने व्यक्ति, कर्मचारी लगायतलाई प्राथमिकतामा राखेर ग्यास वितरण गर्ने निर्णय भए पनि सो निर्णयको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। डिलरमा ग्यास आएपछि वितरण गर्न खोज्दा अत्यधिक भिड हुन थालेपछि केही दिनदेखि प्रहरीसँग सहयोग लिएर ग्यास बाँड्नुपर्ने अवस्था आएको छ।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले ग्यास आएपछि बिक्री गर्ने बेला भिड देखिए पनि बाहिर हल्ला भए जस्तो ग्यासको धेरै नै समस्या भने नरहेको दाबी गर्नुभएको छ। आइतबार हरिवन, लालबन्दी, नयाँरोड, बरहथवालगायत स्थानका ग्यास डिलरको अनुगमन गरी तत्काल सबैमाझ ग्यास पुगोस् भन्ने उद्देश्यले एक जना उपभोक्तालाई एउटा मात्र सिलिन्डर दिन विक्रेतालाई निर्देशन दिइएको सहायक सिडिओ घिमिरेले बताउनुभयो।

अनुगमनका क्रममा विक्रेताले उपभोक्तालाई सुरुमा कुपन दिने र जो पहिले आएको हुन्छ, ग्यास आएपछि उसैलाई पहिले ग्यास दिएर पठाउने गरेको पाइएको सहायक सिडिओ घिमिरेको भनाइ छ। उहाँले भन्नुभयो, “आधा सिलिन्डरपछि पूरा भरिएको सिलिन्डर बाँड्दा माग पूर्ति गर्न समस्या भएको देखिन्छ तर बाहिर हल्ला भए जस्तै ग्यासको जटिल अभाव त देखिँदैन।”

उपभोक्ताले पनि अभाव हुने हल्ला चलाएर अनावश्यक रूपमा स्टक राखिदिँदा समस्या परेको पाइएको सहायक सिडिओ घिमिरेले बताउनुभयो। उहाँका अनुसार ग्यास डिलरसँग समन्वय गर्दा ग्यास आपूर्ति सहज भए १०/१२ दिनमै अभाव हट्ने अवस्था छ। ग्यास विक्रेता संघका अनुसार सर्लाहीमा मासिक ६० देखि ७० हजार थान ग्यास सिलिन्डर खपत हुने गरेको छ।

### शिक्षा, स्वास्थ्य र कृषिमा भारतको अनुदान :

# नेपालमा ८० करोड बढीका ८ नयाँ परियोजना

काठमाडौं, २६ साउन। भारत सरकारको अनुदान सहयोगमा नेपालका शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रसँग सम्बन्धित ८ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना सञ्चालन हुने भएका छन्। परियोजनाको कार्यान्वयनका लागि काठमाडौंस्थित भारतीय राजदूतावास, नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्बन्धित परियोजना कार्यान्वयन निकायबीच आज समझदारी पत्रमा हस्ताक्षर भएको हो।

कुल ८० करोड ३० लाख रुपैयाँ अनुमानित लागतका यी परियोजना नेपाल सरकारका स्थानीय निकाय तथा सम्बन्धित संस्थामार्फत कार्यान्वयन गरिने बताइएको छ। समझदारीअनुसार सञ्चालन हुने परियोजनामा सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको डिजिटलाइजेसन, भोजपुरको टेम्केमैयुङ गाउँपालिका–९ मा कृषि उत्पादन संकलन तथा बिक्री केन्द्र निर्माण, धादिङको ज्वालामुखी गाउँपालिका–६ मा नगरीय कृषि तथा पशुपन्छी केन्द्र भवन निर्माण र मोरङको बेलबारी नगरपालिका–३ स्थित बेलबारी बहुमुखी क्याम्पस भवन निर्माण रहेका छन्।

यसैगरी दैलेखको डुङ्गेश्वर गाउँपालिका–५ मा १० शय्याको अस्पताल, हुम्लाको सर्केगाड गाउँपालिका–४ मा कृषि प्रवर्द्धन केन्द्र, स्याङ्जाको कालीगण्डकी गाउँपालिका–४ मा कोल्ड स्टोर तथा सुनसरीको बर्जु गाउँपालिकामा १५ शय्याको अस्पताल भवन निर्माण गरिनेछ। भारत सरकारले सन २००३ देखि नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजनामार्फत सहयोग गर्दै आएको छ। आज हस्ताक्षर भएका ८ परियोजनासहित नेपालमा भारतको सहयोगमा अघि बढाइएका यस्ता परियोजनाको संख्या ६०५ पुगेको छ।

यीमध्ये स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, कनेक्टिभिटी, सरसफाइ तथा सार्वजनिक उपयोगितासँग सम्बन्धित ५१२ वटा परियोजना सम्पन्न भइसकेका छन् भने बाँकी परियोजना कार्यान्वयनका विभिन्न चरणमा रहेका छन्। भारत र नेपालबीचको बहुआयामिक सहकार्यअन्तर्गत सञ्चालन हुँदै आएका यस्ता उच्च प्रभाव सामुदायिक विकास परियोजनाले स्थानीय तहमा आवश्यक पूर्वाधार निर्माण तथा सेवा विस्तारमा योगदान पुर्‍याउँदै आएका छन्। नयाँ परियोजनाले पनि शिक्षा, स्वास्थ्य र कृषि जस्ता प्राथमिकताका क्षेत्रमा पूर्वाधार विकास गर्दै स्थानीयस्तरको विकास र समृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# पर्सामा १०५ किलो गाँजासहित एक भारतीय नागरिक पक्राउ

पर्सा, २६ साउन। पटेर्वा सुगौली गाउँपालिका –०३ सोनबर्साबाट१०५ किलो लागुऔषध गाँजासहित एक भारतीय नागरिक पक्राउ परेका छन्। सोमबार राति करिब ९ बजे इलाका प्रहरी कार्यालय पटेर्वा सुगौली र इलाका प्रहरी कार्यालय ठोरीबाट खटिएको संयुक्त टोलीले देश भारत बिहार राज्य, बेतिया जिल्ला, उजहरुपरजिलवा भागा श्रीनगर –०३ ठेगाना भएका अन्दाजी ५० वर्षीय सउरु चौधरीलाई १०५ किलो गाँजा सहित पक्राउ गरिएको हो।

उक्त घटन सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

# आधारभूत सेवाबाट वञ्चित चुरे बस्ती



रौतहट, २६ साउन। दुई स्थानीय तहबिचको सीमा विवादका कारण रौतहटको चुरे तटीयक्षेत्रका बस्तीमा आधारभूत सेवा सुविधा पुग्न सकेको छैन। जिल्लाको चन्द्रपुर र गुजरा नगरपालिकाले चुरेक्षेत्रका भोलनटार, इपिलघारी र अरुण बस्तीलाई आआफ्नो सीमाभित्र परेको भन्दै गरेको दाबी हालसम्म टुङ्गो नलागेपछि उक्त क्षेत्रमा आधारभूत सेवा सुविधा पुग्न नसकेको हो।

स्थानीय तहको पहिलो निर्वाचनपछि सो बस्ती आफ्नो पालिकाको भूभाग हो भन्दै गुजरा नगरपालिकाले दाबी गर्दै आएको छ। यता चन्द्रपुर नगरपालिकाले आधिकारिक प्रोफाइलबमोजिम उक्त बस्ती पालिकाको वडा नं. ३ मा रहेको उल्लेख गरेको छ। पूर्वपश्चिम राजमार्गको लमाहा जङ्गलक्षेत्रबाट करिब सात/आठ किलोमिटर उत्तरमा पर्ने चुरेको तटीयक्षेत्रको सो बस्तीमा झन्डै तीन सय घरधुरी छन्।

मकवानपुर, सिन्धुली, बारा, काभ्रेलगायतका स्थानबाट बसाइँ सरिआएका ती नागरिक कुन पालिकाबाट सेवा सुविधा र विकास पाइन्छ भन्ने अन्योलमा छन्। चन्द्रपुर–३ का वडाध्यक्ष बोधनाथ देवकोटा भन्नुहुन्छ, “आफू कुन पालिकाका हौँ भन्ने अन्योलमा परेका उक्त बस्तीका नागरिकले स्थानीय तहको पहिलो निर्वाचनअघि चन्द्रपुर नगरपालिकाको वडा नं. ३ बाट मतदाता परिचयपत्र पाएका छन्। यसैका आधारमा बस्तीका नागरिकले प्रदेश तथा संघीय निर्वाचनमा समेत मताधिकार प्रयोग गर्दै आएका छन्।”

गुजरा नगरपालिकाका प्रमुख सन्तलाल चौधरी भन्नुहुन्छ, “संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ‘जियोग्राफी इन्फरमेसन सिस्टम’ ले उक्त क्षेत्र गुजरा नगरपालिकाको सीमाभित्र रहेको देखाएपछि हामीले दाबी गरेका हौँ। जबसम्म सीमा विवाद टुङ्गिँदैन उक्त क्षेत्रको विकास ओझेलमा पर्छ नै।” यता चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले चन्द्रपुर नगरपालिकाबाट सेवा सुविधा पाउँदै आएका ती बस्तीका समस्या सर्वपक्षीय र सर्वदलीय बैठक बसी यथाशीघ्र समाधान गर्नुपर्ने बताउनुभयो।

उहाँका अनुसार सीमा विवादको टुङ्गो लागेपछि ती क्षेत्रका नागरिकको वास्तविक पहिचान खुल्छ, विकासनिर्माण गर्न बाटो पनि खुल्छ र नागरिकको जीवनयापन सहज पनि हुन्छ। दुई स्थानीय सरकारको खिचातानीले बस्तीमा खानेपानी, विद्युत्, सडक विस्तार तथा स्तरोन्नति, स्वास्थ्यसेवा र शिक्षा जस्ता आधारभूत सुविधाको पहुँच प्रभावकारी रूपमा पुग्न नसकेको स्थानीयको गुनासो छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)